कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
वर्षः २९, अंकः९२
शनिबार, २१ कात्तिक २०८३
(Saturday, 7 Nov. 2026)
पृष्ठः ४, मूल्यः १०।-

समाचार र विचारको स्वतन्त्र संवाहक

कालपृष्ठ

kalpristhanews.com
राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

लुम्बिनी प्रदेशले बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २० कात्तिक

लुम्बिनी प्रदेश सरकारले प्रदेशका सबै स्थानीय तहमा बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ। प्रदेशलाई बालविवाहमुक्त बनाउने लक्ष्यसहित उक्त कार्यक्रम सञ्चालन गर्न लागेको हो।

आर्थिक वर्ष २०८३/८४ का लागि स्थानीय तहलाई उपलब्ध गराइएको सशर्त अनुदान प्रभावकारी रूपमा कार्यान्वयन गर्न प्रदेश सरकारले 'बाल विवाह न्यूनीकरण सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३' जारी गरेको छ।

कार्यविधिअनुसार प्रदेशभित्रका उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाले आफ्नो जिम्मेवार शाखामार्फत बालविवाह न्यूनीकरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

कार्यक्रमका मुख्य लक्षित समूहमा विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थी, विद्यालयबाहिर रहेका १२ देखि १८ वर्ष उमेर समूहका बालिका तथा किशोरी र उनीहरूका अभिभावक रहनेछन्।

शिक्षक तथा शिक्षिकालाई समेत कार्यक्रममा सहभागी गराइनेछ। बालविवाहबाट पर्ने सामाजिक, शैक्षिक, स्वास्थ्य तथा कानुनी असरबारे लक्षित वर्गलाई सचेत गराउने कार्यक्रम सञ्चालन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ।

बालविवाहको जोखिम रहेका क्षेत्र, समुदाय र वर्ग पहिचान गरी विद्यालय बाहिर रहेका किशोरीलाई विशेष परामर्श प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ। त्यस्तै, बालविवाह र त्यसबाट उत्पन्न हुने कानुनी परिणामबारे न्यायिक, सुरक्षा तथा प्रशासनिक क्षेत्रका विज्ञ र उत्प्रेरक व्यक्तिमार्फत प्रशिक्षण दिन सकिनेछ।

बालविवाह न्यूनीकरणका लागि लामो समयदेखि योगदान दिएका व्यक्तिलाई प्रशिक्षकका रूपमा परिचालन गर्न सकिने व्यवस्था पनि कार्यविधिमा छ।

बाँकी ३ पृष्ठमा

दानबहादुर कार्कीले दिएको रिट दर्ता

कालपृष्ठ समाचारदाता

काठमाडौं, २० कात्तिक

प्रहरी महानिरीक्षक (आइजिपी) पदमा पुनर्बहालीको माग गर्दै दानबहादुर कार्कीले दिएको रिट निवेदन सर्वोच्च अदालतले दर्ता गरेको छ।

अधिवक्ता टिकाध्वज कुवँरले रिट दर्ता भएको जानकारी दिए।

सरकारले आइजिपी पदबाट हटाएपछि कार्कीको तर्फबाट कुँवरले हिजै सर्वोच्चमा रिट पेस गरेका थिए।

सर्वोच्च प्रशासनले पनि रिट दर्ता भएको जनाएको छ।

अधिवक्ता कुँवरका अनुसार कात्तिक ३० गतेलाई पेसी तोकिएको छ।

'चाडपर्व पर्यो त्यसैले तिहारपछि नै पेसी तोकिने थियो। बीचमा एकदिन २७ गते अदालत



त खुल्थ्यो तर चाडबाटबाट फर्किन समय लाग्छ कि भनेर ३० गतेको पेसी तोक्ने कुरा भयो,' उनले भने।

मन्त्रिपरिषदको बुधबारको बैठकले कार्कीलाई प्रहरी महानिरीक्षक पदबाट हटाएर प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार नियुक्त गर्ने निर्णय गरेको थियो।

बाँकी ३ पृष्ठमा

पत्रकार महासंघले छठपछि चरणबद्ध आन्दोलन गर्ने



कालपृष्ठ समाचारदाता

काठमाडौं, २० कात्तिक

नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारका पेसागत अधिकारको संरक्षणका लागि छठपछि चरणबद्ध आन्दोलन गर्ने निर्णय गरेको छ।

महासंघ केन्द्रीय समितिको बिहीबार अध्यक्ष निर्मला शर्माको अध्यक्षतामा केन्द्रीय कार्यालयमा बसेको उपलब्ध बैठकले विभिन्न आठ बुँदे निर्णय गर्दै सरकारविरुद्ध आन्दोलनमा उत्रिने निष्कर्ष निकालेको हो। बैठकले समाचार कक्षमै प्रहरी प्रवेश गरी पत्रकारमाथि धरपकड गरिएको घटनालाई समग्र पत्रकारिता क्षेत्रमाथिको प्रहार ठहर गरेको छ। उक्त घटनाको स्वतन्त्र छानबिन गरी दोषीमाथि कारबाही गर्न महासंघले माग गरेको छ।

त्यस्तै, सरोकारवाला पक्षसँग छलफल नगरी एकपक्षीय रूपमा ल्याइएको प्रेस काउन्सिल ऐनसम्बन्धी अध्यादेश फिर्ता लिन सरकारसँग आग्रह गर्ने निर्णय गरेको छ। अध्यादेश जारी नगर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आग्रह गर्ने महासंघले जनाएको छ।

गोरखापत्र लगायत सरकारी तथा निजी सञ्चारमाध्यमबाट पत्रकारलाई जबरजस्ती निष्कासन गर्ने, पारिश्रमिक नदिने र चाडपर्व खर्चसमेत उपलब्ध नगराउने कार्य श्रम अधिकारको गम्भीर उल्लंघन भएको महासंघको ठहर छ।

यसैगरी, लोककल्याणकारी विज्ञापनबापत पत्रपत्रिकाले प्राप्त गर्दै आएको रकम कटौती गर्ने विषयमा प्रेस काउन्सिल नेपालको सिफारिसअनुसार अघि बढ्न सरकारसँग आग्रह गर्ने निर्णय बैठकले गरेको छ।

महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र संविधानको संरक्षणका लागि शान्ति र लोकतन्त्रका लागि पेसागत सञ्जाल (पापड) लाई सक्रिय बनाउने निर्णयसमेत गरेको छ।

बाँकी ३ पृष्ठमा




मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

अनुदानभन्दा ऋण दोब्बर



कृष्णा पौडेल

नेपालका लागि जलवायु अनुकूलन तत्कालको प्रमुख आवश्यकता हो तर त्यसका लागि ऋण बढाउँदै जानु समाधान होइन । नेपालको जलवायु न्यायको माग भनेको अनुकूलनका लागि पर्याप्त र सहज रूपमा उपलब्ध हुने अनुदान हो ।



जलवायु वित्त भन्नाले जलवायु परिवर्तनलाई सम्बोधन गर्न न्यूनीकरण र अनुकूलन प्रयासमार्फत विनियोजन गरिने वित्तीय स्रोतहरूलाई बुझाउँछ। यस्ता वित्तीय प्रवाहले हरितगृह ग्यास उत्सर्जन घटाउने, जलवायु सहनशीलता सुदृढ गर्ने र विभिन्न क्षेत्र तथा क्षेत्रमा जलवायु परिवर्तनका प्रभाव व्यवस्थापन गर्ने उद्देश्यका गतिविधिलाई सघाउँछन्। जलवायु वित्त सार्वजनिक संस्थाहरू, अन्तर्राष्ट्रिय सङ्गठन, विकास बैङ्क, निजी क्षेत्रका लगानी वा बहुपक्षीय जलवायु कोषबाट प्राप्त हुन सक्छ। यसले नवीकरणीय ऊर्जा परियोजनाहरू, दिगो यातायात प्रणालीहरू, सहनशील पूर्वाधार, पारिस्थितिक प्रणालीको संरक्षण, विपत् पूर्वतयारी र जलवायु अनुकूलन कार्यक्रमलगायतका विविध गतिविधिलाई सहयोग पुऱ्याउन सक्छ। हाल विश्वलाई वार्षिक झन्डै ७.५ देखि नौ ट्रिलियन डलर जलवायु वित्त आवश्यक रहेकोमा एक १.९ ट्रिलियन डलर लगानी भइरहेको छ। यसलाई तत्काल बढाउन आवश्यक छ।

टर्कीको अन्टाल्यामा आगामी कात्तिक २३ देखि हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु सम्मेलनको ३१ औँ बैठकका लागि अध्यक्ष मुरात कुरुमका १० वटा प्राथमिकताका क्षेत्र सार्वजनिक भइसकेका छन्। सबै प्राथमिकता क्षेत्रमा वित्त, प्रविधि र क्षमता विकासलाई साझा सहयोगी आधारका रूपमा राखिएको छ। जलवायु वित्त सबै प्राथमिकता क्षेत्रको कार्यान्वयनसँग जोडिएको छ। कोप-३१ को मूल उद्देश्य विगतका जलवायु प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्नु पनि हो। अध्यक्षले जलवायु वित्तलाई लागतका रूपमा नहेरी रणनीतिक सुरक्षा प्राथमिकताको रूपमा हेर्नुपर्ने बताएका छन्। मुख्य सम्मेलनको पाचौँ दिन अर्थात् १३ नोभेम्बरलाई 'फाइनान्स एन्ड ट्रेड' विषयगत दिनको रूपमा निर्धारण गरिएको छ। कुल गार्हस्थ उत्पादनको पाँच प्रतिशत रक्षा क्षेत्रमा लगानी बढाउने नेटो राष्ट्रहरूको लक्ष्य जस्तै जलवायु सुरक्षाका लागि पनि त्यस्तै प्रतिबद्धता आवश्यक छ। जलवायु कार्यको आर्थिक बोझ साना टापु राष्ट्रहरू वा अल्पविकसित देश माथि थोपरिनु हुँदैन। अन्तर्राष्ट्रिय जलवायु वार्ताहरूमा, जलवायु वित्त विश्वव्यापी जलवायु प्रशासनको एक मुख्य आयाम बन्ने गर्छ। अन्टाल्यामा हुने कोप ३१ अघिका अन्तर्राष्ट्रिय जलवायु वार्तामा कार्यान्वयन, अनुकूलन र दीर्घकालीन रूपान्तरण रणनीतिहरूमा ध्यान केन्द्रित रहिरहँदा, विश्वव्यापी जलवायु कार्यलाई सघाउने सबैभन्दा महत्वपूर्ण साधनमध्ये एकका रूपमा जलवायु वित्त कायम हुने अपेक्षा गरिएको छ।

हरितगृह ग्यास उत्सर्जनमा निकै कम योगदान रहेका र जलवायु सङ्कट भोग्न बाध्य नेपाल जस्ता देशका लागि जलवायु वित्तको विशेष महत्व छ तर पछिल्लो आठ वर्षमा नेपालको जलवायु वित्तमाथिको पहुँच भने नगन्य देखिएको छ। प्रकृति रिसोर्सेस् सेन्टरले गरेको अध्ययनमा नेपालले सार्वजनिक क्षेत्रबाट करिब ३.१९ अर्ब अमेरिकी डलर अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त गरेकोमा ३०.३६ प्रतिशत मात्र अनुदान र ६३.२८ प्रतिशत सहुलियतपूर्ण ऋण देखिएको हो। यो तथ्याङ्कले जलवायुकार्यका लागि नेपालले लिएको अनुदानभन्दा ऋण दोब्बर देखाउँछ। 'नेपालको जलवायु वित्त परिदृश्य : पेरिस सम्झौतापछिको अन्तर्राष्ट्रिय जलवायु वित्त प्रवाहको नक्साङ्कन' अध्ययन अनुसार, पछिल्लो ८ वर्ष (सन् २०१६ देखि २०२३ सम्म) मा नेपालले २.०२ अर्ब अमेरिकी डलर सहुलियतपूर्ण ऋण र नौ सय ६९.०६ मिलियन अमेरिकी डलर अनुदान लिएको छ। गैरसहुलियतपूर्ण ऋण र इक्विटीको हिस्सा न्यून छ।

जलवायु वित्तमा द्विपक्षीय विकास साझेदार र बहुपक्षीय जलवायु कोषहरूको योगदानको हिस्सा सानो छ। जलवायु वित्तको सबैभन्दा ठुलो स्रोतको रूपमा बहुपक्षीय विकास बैङ्क देखिएका छन्। यिनीहरूको प्रभुत्व ठुलो छ। कुल जलवायु वित्तको लगभग दुई-तिहाइ योगदान बहुराष्ट्रिय विकास बैङ्कको छ। कुल वित्तको ६६.८३ प्रतिशत बहुराष्ट्रिय विकास बैङ्कबाट प्राप्त भएको छ। द्विपक्षीय विकास साझेदारबाट २५.९६ प्रतिशत र हरित जलवायु कोष तथा विश्वव्यापी वातावरण सुविधालगायत समर्पित जलवायु कोषबाट करिब पाँच प्रतिशत अनुदान आएको छ।

हरितगृह ग्यास उत्सर्जनमा नगन्य भूमिका भए पनि नेपालले जलवायुजन्य विपत्बाट ठुलो नोक्सानी व्यहोरेको छ। हिमाली सुनामी नाम दिइएको भोटेकोशी रसुवा बाढी पछि नेपालले जलवायु न्याय पाउनुपर्ने आवाज राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा उठेको छ। 'फन्ड फर रेस्पोन्डिङ टु लस एन्ड ड्यामेज' ले नेपाललाई २१.६ मिलियन अमेरिकी डल उपलब्ध गराउने निर्णय गरेको छ। अतिकम विकसित राष्ट्रका मन्त्रीस्तरीय बैठकमा नेपालले जलवायु न्याय पाउनुपर्नेमा सदस्य राष्ट्रहरूबिच ऐक्यबद्धता देखियो। संयुक्त राष्ट्रसङ्घीय महासभाको ८१ औँ बैठकमा धेरै मुलुकले नेपालको नाम नै लिएर न्यायका लागि ऐक्यबद्धता जाहेर गरे। यो नेपालका लागि सुखद पक्ष हो। जलवायु परिर्वतनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि युएनएफसिसीका पक्ष राष्ट्रहरूको बर्सेनि हुने विश्व सम्मेलनमा कार्बन उत्सर्जन घटाउने, विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रलाई आर्थिक सहयोग उपलब्ध गराउने र अति कम विकसित तथा साना टापु राष्ट्रहरूलाई जलवायु जोखिमसँग जुध्न आर्थिक तथा प्राविधिक सहयोग गर्नेलगायत निर्णय हुँदै आएका छन्।

पेरिस सम्झौताको ढाँचा अन्तर्गत, विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई उनीहरूको जलवायु रूपान्तरण प्रक्रियामा सहयोग गर्न वित्तीय सहायता जुटाउने प्रतिबद्धता जनाएका थिए। अजरबैजानको बाकुमा आयोजित विश्व जलवायु सम्मेलनको २९ औ बैठकमा यो प्रतिबद्धतालाई अद्यावधिक गरियो। जहाँ पक्ष राष्ट्रहरूले जलवायु वित्तसम्बन्धी 'नयाँ सामूहिक परिमाणात्मक लक्ष्य' (एनसिक्युजी) निर्धारण गरे। यस अन्तर्गत, विकसित राष्ट्रहरूको नेतृत्वमा सन् २०३५ सम्ममा वार्षिक कम्तीमा तीन सय अर्ब अमेरिकी डलर जुटाउने लक्ष्य राखिएको छ। साथै सन् २०३५ सम्ममा सबै स्रोतबाट वार्षिक १.३ ट्रिलियन अमेरिकी डलरसम्म वित्तीय स्रोत पुऱ्याउने व्यापक आकाङ्क्षा पनि यसमा समावेश छ। तसर्थ जलवायु वित्तसम्बन्धी छलफलमा कोषको मात्रा, पहुँच, प्रविधि हस्तान्तरण, पारदर्शिता र दीर्घकालीन कार्यान्वयन संयन्त्रसँग सम्बन्धित प्रश्न नेपालका लागि झनै महत्वपूर्ण छन्।

अनुकूलनमा बढी लगानी

अन्तर्राष्ट्रिय जलवायु वित्त न्यूनीकरणभन्दा अनुकूलनमा बढी खर्च भएको देखिन्छ। कुल जलवायु वित्तको ५६.७९ प्रतिशत अनुकूलन, ४२.३६ प्रतिशत न्यूनीकरणमा र एक प्रतिशतभन्दा कम अन्य क्षेत्रमा खर्च भएको छ। अनुकूलनका लागि अनुदान कम र सहुलियत ऋण बढी छ। यस अवधिमा जलवायुजन्य हानि तथा नोक्सानीका लागि छुट्टै वित्तीय विनियोजन छैन।

क्षेत्रगत रूपमा ऊर्जा, उद्योग, यातायात तथा भौतिक पूर्वाधार र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा ठुलो रकम खर्च भएको छ। जलस्रोतमा ९८२.९१ मिलियन डलर, उद्योग, यातायात तथा भौतिक पूर्वाधारमा ५७४.९२ मिलियन डलर र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा ५१९.६० मिलियन डलर खर्च भएको छ। भूकम्पपछि बनाइएका भूकम्प प्रतिरोधी तथा सुरक्षित घर-भवनलाई पनि जलवायु अनुकूलन अन्तर्गत राखिएकाले विपत् जोखिम न्यूनीकरण क्षेत्रमा जलवायु वित्त बढी देखिएको छ तर कृषि, जैविक विविधता, पारिस्थितिक प्रणाली, प्राकृतिक स्रोत तथा पर्यटन र सांस्कृतिक सम्पदा जस्ता संवेदनशील क्षेत्रमा न्यून लगानी छ। कृषि तथा खाद्य सुरक्षामा २६५.६६ मिलियन, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा २१७.४५ मिलियन र वन, जैविक विविधता तथा जलाधार संरक्षणमा ३६.२२ मिलियन डलर मात्र प्राप्त भएको छ। जलवायुजन्य विपत्ले पर्यटन तथा प्राकृतिक एवं सांस्कृतिक सम्पदामा ठुलो क्षति पुऱ्याउँदै आएको स्थिति भए पनि यी क्षेत्रमा जलवायु वित्त आउन सकेको छैन।

ऋण प्रवाहमा बैङ्कको प्रभुत्व

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार २०८३ असोज मसान्तसम्म मुलुकको सार्वजनिक ऋण ३० खर्ब नौ अर्ब ११ करोड पुगेको छ। आन्तरिक ऋण १४ खर्ब १० अर्ब ३१ करोड रुपियाँ र बाह्य ऋण १५ खर्ब ९८ अर्ब ८० करोड रुपियाँ छ। वैदेशिक अनुदान घट्दै जाँदा ऋणको मात्रा बढ्दै गएको देखिन्छ। जलवायु वित्तको मात्रै विश्लेषण गर्दा कुल जलवायु वित्तको करिब ६७ प्रतिशत बहुराष्ट्रिय विकास बैङ्कबाट, द्विपक्षीय विकास साझेदारबाट २६ प्रतिशत, जलवायु कोषबाट पाँच प्रतिशत र अन्य बहुपक्षीय संस्थाबाट करिब दुई प्रतिशत छ। यो तथ्याङ्कले जलवायु वित्तको ठुलो हिस्सा बहुराष्ट्रिय विकास बैङ्कबाट प्राप्त भएको देखाउँछ।

'जलवायु रोल मोडल' बन्ने नाममा बहुराष्ट्रिय बैङ्कहरूसँग ऋण लिने विषय कुनै पनि दृष्टिमा सही मान्न सकिन्न। सन् २०१५ मा भूकम्पपछिको पुनर्निर्माणमा जस्तै भोटेकोशी पुनर्निर्माणमा पनि ऋणमुखी जलवायु वित्त भित्रिने जोखिम देखिन्छ। ऋण लिएर जलवायुमैत्री परियोजनामा लगानी गर्नु भनेको जलवायु ऋण बढाउनु हो। अन्यायपूर्ण जलवायु वित्त प्रणालीमार्फत जलवायु कार्य गरियो भने यसले गरिब मुलुकमा नयाँ प्रकारको ऋण सङ्कट उत्पन्न गराउँछ।

थप योजना आवश्यक

तेस्रो राष्ट्रिय निर्धारित योजना कार्यान्वयनका लागि नेपाललाई सन् २०३५ सम्म ७३.७४ अर्ब अमेरिकी डलर आवश्यक पर्ने प्रक्षेपण गरिएको छ। त्यसमध्ये ६२.९२ अर्ब डलरभन्दा बढी रकम अन्तर्राष्ट्रिय सहयोगबाट जुटाउने लक्ष्य लिइएको छ। जसमा जलवायु अनुकूलनका लागि १८ देखि २० अर्ब डलर आवश्यक पर्ने अनुमान गरिएको छ तर सन् २०१६ देखि २०२३ सम्म जम्मा ३.१९ अर्ब अमेरिकी डलर जलवायु वित्त भित्रिएको छ। यो कुल आवश्यकताको तीन प्रतिशत मात्र हो।

जलवायु वित्तको ठुलो हिस्सा बाह्य स्रोतबाट ल्याउने लक्ष्य राखिएको भए पनि वित्त प्रवाहको यो प्रवृत्तिबाट सम्भव छैन। अब सरकारले जलवायु कार्यका लागि अनुदानमा आधारित स्रोत परिचालन बढाउन प्रत्यत्न गर्नुपर्ने देखिन्छ। जलवायु वित्तलाई दीर्घकालीन, कार्यक्रमगत र परिणाममा आधारित बनाउन आवश्यक छ। जलवायु वित्तको कुल रकमको ब्याजदर, भुक्तानी अवधि, ऋणको सहुलियत र अनुदानको अनुपातको समेत मूल्याङ्कन गर्न आवश्यक छ। नेपालले जलवायु वित्त कति ल्याउने मात्र होइन, कस्तो वित्त ल्याउने भन्नेमा पनि ध्यान दिन आवश्यक छ। विशेष गरी जलवायु अनुकूलन कार्यका लागि सहुलियत ऋणभन्दा अनुदान बढाउनु पर्छ। यसका लागि अर्थ मन्त्रालय र सम्बन्धित क्षेत्रगत मन्त्रालयबिच राम्रो समन्वय, बलियो परियोजना प्रस्ताव, वास्तविक कार्ययोजना, खर्चको नियमित अनुगमन र जलवायु वित्तको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गरिनु पर्छ।

जलवायु वित्त गरिब र विकासोन्मुख देशका लागि आर्थिक विकासको रूपान्तरणमा सहयोगी अवधारणा हो तर न्याय, अधिकार र अनुदानको सन्तुलन मिलाउन सकिएन भने जलवायु ऋणको नयाँ चक्रमा फस्ने जोखिम हुन्छ। त्यसैले जलवायु न्याय, आर्थिक समावेशिता र पारदर्शितालाई जलवायु वित्तको मूल आधार बनाइनु पर्छ। नेपालले अब अन्तर्राष्ट्रिय सभा सम्मेलनमार्फत यही सन्देश विश्व समुदायलाई दिन जरुरी छ। समग्रमा, नेपालका लागि जलवायु अनुकूलन तत्कालको प्रमुख आवश्यकता हो तर त्यसका लागि ऋण बढाउँदै जानु समाधान होइन। नेपालको जलवायु न्यायको माग भनेको अनुकूलनका लागि पर्याप्त र सहज रूपमा उपलब्ध हुने अनुदान हो।-गोरखापत्र

स्वास्थ्य

पेपर कपमा चिया, कफी पिउनु स्वास्थ्यका लागि हानिकारक



हामी मध्ये धेरैले कुनै न कुनै बेला प्लास्टिक वा कागजको डिस्पोजेबल गिलासमा पानी, चिया वा कफी पिएकै हुनुपर्छ। विवाह भोज होस् वा घुम्ति चिया पसल, यस्ता ठाउँमा डिस्पोजेबल कपको प्रयोग भएको हुन्छ।

यी कपहरू सजिलै उपलब्ध हुन्छन् र एक पटक प्रयोग गरेपछि पुन प्रयोग गरिँदैन। जसले गर्दा सफा गर्नुपर्ने झन्झट पनि हुने भएन। तर, यस कपको प्रयोगले स्वास्थ्यमा नकारात्मक असर गर्छ भन्ने कुराको अध्ययन भारतीय प्रविधि संस्थानले गरेको छ।

पानी, चिया वा कफीलाई लामो समयसम्म राख्नका लागि कागजको कपलाई भित्री भागमा प्लास्टिक वा मैनको पातलो तह लेपन गरिएको हुन्छ। जब हामी ती कपमा तातो पेय पदार्थ राख्छौँ, यो कोटिङ पग्लन थाल्छ। जसका कारण पेय पदार्थमा प्लास्टिकका साना कण र हानिकारक रसायन मिसिएर शरीरमा प्रवेश गर्न सक्छ।

वैज्ञानिक अनुसन्धानले कागजको कपमा तातो पेय पदार्थ खन्याएपछि माइक्रो प्लास्टिक र रसायनहरू निस्कन सक्छ भनेर देखाउँछ। यी कणहरू लामो समयसम्म शरीरमा जम्मा भएर क्यान्सरजस्ता गम्भीर रोग निम्त्याउँन सक्छ।

कोटिङ पेपर कपमा प्रयोग हुने रसायनहरूले हार्मोनल असन्तुलन पनि निम्त्याउन सक्छ। यसले थाइरोइड र प्रजनन क्षमतामा नकारात्मक असर पार्न सक्छ। पेपर कप वातावरणका लागि पनि हानिकारक छ। यी 'बायोडिग्रेडेबल' हुँदैनन् र यसमा भएको प्लास्टिकको कारण, तिनीहरूलाई पुनः प्रयोग गर्न गाह्रो छ।

अनुसन्धानले के भन्छ ?

टाइम्स अफ इन्डियामा प्रकाशित एक अध्ययनका अनुसार यदि पेपर कपमा दिनमा तीन कप चिया वा कफी पिइन्छ भने हजारौँ माइक्रो प्लास्टिक कणहरू शरीरमा प्रवेश गर्न सक्छन्। यसले पाचन प्रणालीलाई मात्र हानी गर्दैन, तर शरीरका अन्य अङ्गहरूमा पनि नकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले यदि अफिसमा चिया पिउनुहुन्छ भने, स्टिल वा सिसाको कप साथमा राख्नु राम्रो हुन्छ यो स्वास्थ्य र वातावरण दुवैका लागि राम्रो विकल्प हो। पेपर कपको प्रयोग कम गर्नुपर्छ।

सम्भव भएसम्म, पेपर कपको सट्टा पुनः प्रयोग गर्न मिल्ने कपहरू प्रयोग गर्नुपर्छ। आजकल बजारमा 'बायोडिग्रेडेबल' कपहरू उपलब्ध छन्। तिनीहरूलाई प्रयोग गरेर, स्वस्थ रहन सकिन्छ र वातावरणको सुरक्षा पनि गर्न सकिन्छ।

पेपर कपहरू सुविधाजनक त हुन्छन्। तर, तिनीहरूको अत्यधिक प्रयोग स्वास्थ्य र वातावरण दुवैको लागि हानिकारक हुन सक्छ। त्यसैले पेपर कपको सट्टा दिगो र सुरक्षित विकल्प प्रयोग गर्नुपर्छ। यसले हाम्रो स्वास्थ्यको साथै वातावरणलाई पनि बचाउन सकिन्छ।-एजेन्सीको सहयोगमा

भेरी अस्पतालको इन्स्टिच्युसनल रिभ्यु कमिटीको संयोजकमा डा. खड्का नियुक्त

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २० कार्तिक



भेरी अस्पताल नेपालगन्जको इन्स्टिच्युसनल रिभ्यु कमिटी को संयोजकमा वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा. तीर्थेन्द्र खड्का नियुक्त भएका छन्।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नवीन दर्नालले रिक्त रहेको समितिको संयोजक पदमा डा. खड्कालाई नियुक्त गरेका छन्। अस्पतालमा हुने विभिन्न अनुसन्धानात्मक कामलाई व्यवस्थित, जिम्मेवार र मापदण्डअनुसार अघि बढाउन इन्स्टिच्युसनल रिभ्यु कमिटीको महत्वपूर्ण भूमिका हुन्छ।

डा दर्नालले भने-'विशेषगरी अस्पतालमा चिकित्सक, स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्ताले गर्ने स्वास्थ्य सम्बन्धी अनुसन्धानको समीक्षा, मूल्याङ्कन र आवश्यक स्वीकृतिका लागि यो समितिले काम गर्छ।झ

स्वास्थ्य तथा चिकित्सा क्षेत्रसँग सम्बन्धित अनुसन्धान गर्दा बिरामीको गोपनीयता, अधिकार, सुरक्षा र नैतिक पक्षलाई ध्यान दिनुपर्ने हुन्छ। यस्ता अनुसन्धानले सम्बन्धित व्यक्तिको स्वास्थ्य तथा व्यक्तिगत विवरणमा पार्न सक्ने प्रभावसमेत समितिले मूल्याङ्कन गर्छ। 'अनुसन्धानका क्रममा अपनाउनुपर्ने नैतिक मापदण्ड पालना भए-नभएको विषयमा समीक्षा गर्नु यसको प्रमुख जिम्मेवारी होझ उनले भने।

यसअघि समितिको संयोजकको जिम्मेवारी डा. कीर्तिपाल सुवेदीले सम्हाल्दै आएका थिए। उनको बढुवासँगै सरुवा भएपछि संयोजक पद रिक्त भएको थियो। त्यसपछि अस्पतालको सात सदस्यीय इन्स्टिच्युसनल रिभ्यु कमिटी संयोजकविहीन अवस्थामा रहेको थियो। समितिको तीन वर्षीय कार्यकाल हुन्छ।

लामो समयदेखि रिक्त रहेको संयोजक पदमा डा. खड्काको नियुक्तिसँगै समितिले पुनः पूर्ण रूपमा काम अघि बढाउने छ। डा. खड्का भेरी अस्पतालमा वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जनका रूपमा कार्यरत छन्।

अस्पतालको उपचार सेवासँगै अनुसन्धानात्मक गतिविधिलाई प्रोत्साहन गर्ने र अनुसन्धानलाई नैतिक तथा वैज्ञानिक मापदण्डअनुसार अघि बढाउन समितिलाई सक्रिय बनाइने संयोजक डा. खड्काले बताए।

अस्पतालमा हुने अनुसन्धानले उपचार पद्धति, बिरामीको सेवाको गुणस्तर र स्वास्थ्य सेवाको प्रभावकारिता सुधारमा सहयोग पुऱ्याउने भएकाले इन्स्टिच्युसनल रिभ्यु कमिटीको भूमिका महत्वपूर्ण रहनेछ। संयोजकको नियुक्तिपछि डा.खड्काले अस्पतालमा अनुसन्धानसम्बन्धी गतिविधिलाई थप गति दिने प्रतिबद्धता जनाएका छन्।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिक्टा सिंचाइ आयोजना
नेपालगंज, बाँके

'नहर सञ्चालन बन्द हुने सम्बन्धी सूचना'

सिक्टा सिंचाइ आयोजनाको पश्चिम नहर प्रणाली अन्तर्गत डुडुवा शाखा नहर निर्माण कार्य भइरहेको हुँदा उक्त निर्माण कार्यलाई सुरक्षित, व्यवस्थित तथा समयमै सम्पन्न गर्न मुलनहरको डुडुवा क्रसिङ्ग देखि पश्चिमका शाखाहरु (डुडुवा शाखा, अकलघरवा शाखा, पर्सेनीपुर शाखा, पिडारी शाखा, गुरुवागाउँ शाखा तथा गोहवा उपशाखा) नहर हरुमा पानी सञ्चालन २०८३ चैत्र महिनासम्म बन्द गर्नुपर्ने अवस्था रहेको छ।
यस अवधिमा शाखा नहर, उपशाखा र प्रशाखा नहरबाट सिंचाइ सुविधा प्राप्त गर्ने कृषकहरूलाई विशेषगरी हिउँदे तथा अन्य मौसमी खेतीपातीमा आवश्यक सिंचाइ सुविधा उपलब्ध गराउन कठिनाइ हुने, तोरी, गहुँ, तरकारी तथा अन्य नगदे बालीको उत्पादनमा असर पर्न सक्ने असुविधाप्रति आयोजना परिवार क्षमाप्रार्थी छ। कृषक महानुभावहरूलाई उपलब्ध बैकल्पिक सिंचाइ स्रोतको उपयोग गर्न, खेतीपातीको योजना सोहीअनुसार बनाउन तथा निर्माण कार्यमा आवश्यक सहयोग र समन्वय गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ।

आयोजना निर्देशक

बाँकी

लुम्बिनी ...

प्रदेश सरकारले उपलब्ध गराएको अनुदान सम्भव भएसम्म पालिकाभित्रका सबै वडामा खर्च गर्नुपर्नेछ। बालविवाहको अवस्थाबारे वार्षिक तथ्याङ्क सङ्कलन गर्ने, बालविवाह बढी हुने बस्ती, टोल, समुदाय र वडालाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

यसैगरी, बालविवाहविरुद्ध तयार गरिएका चित्रकथा तथा लघु चलचित्र प्रदर्शन, सडक नाटक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकिनेछ। स्थानीय रेडियो, टेलिभिजन, अनलाइन सञ्चारमाध्यम र पत्रपत्रिकाबाट कार्यक्रमको प्रचारप्रसार गर्न अनुदान रकमको अधिकतम १५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था कार्यविधिमा गरिएको छ।

प्रदेशलाई बाल विवाहमुक्त बनाउने आधार तयार गर्ने, बालअधिकारको संरक्षण तथा प्रवर्द्धन गर्ने र बालविवाहविरुद्ध बालबालिका, अभिभावक, शिक्षक तथा सामाजिक र धार्मिक अगुवाको सोच र व्यवहारमा परिवर्तन ल्याउने उद्देश्यले कार्यविधि जारी गरिएको प्रदेश सरकारले जनाएको छ।

पत्रकार...

महासंघका एजेन्डा संसदमा उठाउन सांसदहरूसँग बहस तथा पैरवी गर्ने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा रहेका अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने निर्णय पनि बैठकले गरेको छ।

बैठकका निर्णय सार्वजनिक गर्दै महासंघका महासचिव रामप्रसाद दाहालले आफ्ना माग सम्बोधन गराउन छठपछि चरणबद्ध आन्दोलनका कार्यक्रम सञ्चालन गरिने जानकारी दिए।

आइजिपीबाट ...

तर कार्कीले सुरक्षा सल्लाहकारको नियुक्ति नलिई सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन पेस गरेका हुन्।

सरकारले कार्कीलाई हटाएर मनोज केसीलाई नयाँ प्रहरी महानिरीक्षक नियुक्त गरेको थियो।

यो निर्णय संविधान, कानुन र सर्वोच्च अलदालतका नजिर विपरीत रहेको भन्दै कार्कीले रिट दिएका हुन्।

कुनै कानूनी आधार र कार्यविधिबिना, स्पष्टीकरण वा सुनुवाइको अवसर नै नदिई आफूलाई कमान्ड र जिम्मेवारीबाट अलग गरेको कार्कीको रिटमा उल्लेख छ।

कर्णाली ...

आफ्नै पश्चिमेली भाषामा गीत गाउन पाउँदा निकै खुसी र उत्साहित भएको गायक ठकुरीले बताउनु भयो। उहाँले भन्नु भयो, 'पहिलो पटक सुदूरपश्चिमको संस्कृति र मौलिकतालाई चिनाउने गीत गाउन पाउँदा निकै खुसी लागेको छ। म निकै उत्साही छु। आफ्नै पश्चिमेली भाषाको गीतलाई मेरा प्रिय स्रोत तथा दर्शकले माया गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।'

भिडियोमा अभिनय गरेका कलाकार भूगोल कुमार कार्कीले सुदूरपश्चिमको मौलिकता झल्काउने गीतमा अभिनय गर्न पाउँदा गर्व महसुस भएको बताउनु भयो। सुदुरपश्चिमको भाषालाई र क्षेत्रलाई चिनाउन गीतले सहयोग गर्ने मोडेल करिश्मा शाही ठकुरीले बताउनु भयो।

नेपाली गीत-संगीतमा आफ्ना सांगीतिक प्रस्तुति र म्युजिक भिडियोमार्फत परिचित हुँदै आएका ठकुरीले 'ओ मेरी छोराटी' मार्फत पश्चिम नेपालको भाषा, भाका र सांस्कृतिक पहिचानलाई फराकिलो दर्शकवर्गसम्म पुऱ्याउने प्रयास गर्नु भएको छ। स्थानीय भाषा र संस्कृतिमा आधारित गीत-संगीतको प्रवर्द्धनमा यस गीतले थप योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

धारा ...

बाँकेका अध्यक्ष मल्लले भने-'समुदायलाई दौडसंस्कृतिसँग जोड्दै सामाजिक एकताको अभियानमा हाम्रो सदैव साथ रहनेछ, गभर्नर ज्यु नै यस अभियानमा निकै सकारात्मक हुनुहुन्छ।' रोटरीमा विभिन्न पेशाका उद्यमी, डाक्टर, इन्जिनियर, सिए, बैंकर, शिक्षक, पत्रकार आवद्ध छन्।

धारा नेपालगन्ज म्याराथनको १२ औं संस्करण यही मंसिर १२ गते शनिवार नेपालगन्जमा हुने भएको छ। यसवर्ष १२ वटा सामुदायिक संस्थासँग कम्युनिटी पार्टनरका रूपमा काम गर्ने तयारी भएको दर्ता विभाग प्रमुख गगन थापाले जानकारी दिए।

स्थानीय बीपी चोकबाट सुरु हुने म्याराथनअन्तर्गत ४२ किलोमिटर पुरुष खुल्ला, २१ किलोमिटर महिला खुल्ला, १० किलोमिटर पुरुष खुल्ला, १० किलोमिटर महिला खुल्ला, ५ किमी पुरुष खुल्ला, ५ किमी महिला खुल्ला, ५ किमी स्कुल स्तरीय छात्र छात्रा दौड, ३ किमी कर्पोरेट रन, ३ किमी किड्स रन, ३ किमी ह्वीलचेयर रन, २ किमी फेमिली रन र ३ किमी रन फर अल गरेर १२ विधा समावेश गरिएको छ।

म्याराथन(४२किमी)पुरुष खुल्ला भएपनि महिलाले आफ्नो व्यक्तिगत समयका लागि दौड्न चाहेमा विद्युतीय चिप्स उपलब्ध गराइने छ। त्यसैगरी महिला हाफ म्याराथन(२१किमी) महिलाका लागि भएतापनि पुरुष धावकले समय सुधारका लागि दौड्ने चाहेमा विद्युतीय चिप्स प्रधान गरिने व्यवस्था मिलाइएको रेस डाइरेक्टर चन्द्रबहादुर गुरुङले जानकारी दिए। ४२ किमीतर्फ विभिन्न उमेर समुहमा वरियताक्रम निकालिने समेत उनले जानकारी दिए। यसमा ४० देखि ५०वर्ष, ५० देखि ६० वर्ष उमेर समुह, ६० देखि ७० वर्ष उमेर समुहलाई पहिलो, दोस्रो र तेस्रो वरियता प्रदान गरेर प्रोत्साहन गरिनेछ।

एबोट वर्ल्ड म्याराथन मेजरसँगको सहकार्यमा उमेर समुहको धावकलाई विश्वव्यापी वरियतामा समेत समावेश गरिदै आएको छ, यसपट पनि गरिनेछ। साथै उमेर समुहको वर्ल्ड च्याम्पियनसीपमा सहभागितामा सहजीकरण गरिनेछ। त्यसैगरी विभिन्न विधाका शीर्ष धावकहरूलाई मेजर म्याराथन लगायत वर्ल्ड एथ्लेटिक्सको प्लेटिनम, गोल्ड, इलाईट र लेवल रेसहरूमा सहभागिताको अवसर प्रदान गरिने आयोजकले जनाएको छ। नेपालगन्ज म्याराथन २०१५ देखि अभिछिन्न रूपमा सन्चालन हुँदै आएको दौड हो।

नेपालमा...

नेपालका सबै सात खेल त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा हुनेछन्।

नेपालले लिग चरणमा सबै टोलीसँग एक-एक खेल खेल्नेछ। प्रतियोगिताको शीर्ष चार टोलीले सन् २०२७ को विश्वकप छनोटमा स्थान बनाउनेछन्। त्यसैले नेपालका लागि घरेलु मैदानमा हुने यो प्रतियोगिता विश्वकप यात्रालाई अगाडि बढाउने महत्वपूर्ण अवसर हुनेछ।
नेपालको खेलतालिका
डिसेम्बर ४ इटाली त्रिवि क्रिकेट मैदान
डिसेम्बर ६ युगान्डा त्रिवि क्रिकेट मैदान
डिसेम्बर १० यूएई त्रिवि क्रिकेट मैदान
डिसेम्बर १२ जर्सी त्रिवि क्रिकेट मैदान
डिसेम्बर १४ क्यानडा त्रिवि क्रिकेट मैदान
डिसेम्बर १८ नामिबिया त्रिवि क्रिकेट मैदान
डिसेम्बर २१ कुवेत त्रिवि क्रिकेट मैदान

प्रतियोगितामा प्रत्येक टोलीले सात खेल खेल्नेछ। लिग चरणको समाप्तिपछि अंकतालिकाको शीर्ष चारमा रहने टोलीले अर्को वर्ष हुने १० टोली सम्मिलित ग्लोबल छनोटमा स्थान बनाउनेछन्।

यसअघि नै वेस्ट इन्डिज, आयरल्यान्ड, अमेरिका, स्कटल्यान्ड, नेदरल्यान्ड्स र ओमानले ग्लोबल छनोटमा स्थान सुरक्षित गरिसकेका छन्। वेस्ट इन्डिज र आयरल्यान्ड विश्वकपका लागि स्वतः छनोट भएका आयोजक दक्षिण अफ्रिका र जिम्बाब्वेबाहेकका पूर्ण सदस्य राष्ट्रमध्ये उच्च वरीयताका आधारमा छनोट भएका हुन्। यस्तै, अमेरिका, स्कटल्यान्ड, नेदरल्यान्ड्स र ओमानले आईसीसी क्रिकेट विश्वकप लिग-२ को शीर्ष चारमा रहँदै ग्लोबल छनोटमा स्थान बनाएका हुन्।

यस प्लेअफबाट छनोट हुने चार टोलीसँगै ग्लोबल छनोटमा १० टोली पुग्नेछन्। ग्लोबल छनोटको विजेता टोलीले सन् २०२७ को विश्वकपको समूह चरणमा सीधा स्थान बनाउनेछ। दोस्रो, तेस्रो र चौथो स्थानमा रहने टोलीले भने नयाँ सुपर सिरिजमा प्रतिस्पर्धा गर्नेछन्।

आइसिसीका इभेन्ट्स एन्ड अपरेसन्स महाप्रबन्धक गौरव सक्सेनाले प्लेअफलाई विश्वकप २०२७ को यात्राको महत्वपूर्ण चरणका रूपमा व्याख्या गरेका छन्। उनले एसोसिएट क्रिकेटको विकासका लागि यस्ता प्रतियोगिताले महत्वपूर्ण अवसर प्रदान गर्ने बताउँदै आठवटै टोलीबीच प्रतिस्पर्धात्मक क्रिकेट हुने विश्वास व्यक्त गरेका छन्।

सन् २०२७ को पुरुष क्रिकेट विश्वकप दक्षिण अफ्रिका, जिम्बाब्वे र नामिबियामा अक्टोबर २ देखि नोभेम्बर २१ सम्म आयोजना हुनेछ। १४ टोली सहभागी हुने प्रतियोगितामा १२ मैदानमा कुल ५७ खेल सञ्चालन हुनेछन्।

अष्टम साना किसान कृषि सहकारी संस्था लि.
राप्तीसोनारी ८ शमशेरगंज, बाँके

कर्जा बुझाउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति :– २०८३/०७/२० गते

यस संस्थाका तपसिल बमोजिमका सदस्यहरूले उपभोग गर्नु भएको तपसिल बमोजिमका कर्जा संस्थाको शर्त कबुलियत बमोजिम बुझाउनु पर्ने साँवा व्याज दै–दस्तुर समेत बुझाउन आउन पटक पटक मौखिक , लिखित तथा फोन मार्फत अनुरोध गर्दा पनि नबुझाई बाँकी बक्यौता राखेको हुनाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क राखी सम्पुर्ण बाँकी साँवा व्याज दै– दस्तुर बुझाउन ऋणी र धितो जमानी दिने समेतलाई यसै सूचना द्धारा सूचित गरिन्छ। उक्त ताकिएको म्याद भित्र बुझाउनु पर्ने सम्पुर्ण साँवा व्याज दै दस्तुर दाखिला नगरेमा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ को परिच्छेद १२ तथा यस संस्थाको ऋण लगानी तथा असुली कार्यविधि २०८० को परिच्छेद ८ अनुसार संस्थामा राखेको धितो लिलामी कार्वाही अधि बढाई बाँकी, सावा व्याज असूल उपर गरिने छ। यसबाट पनि बाँकी साँवा व्याज असूल उपर हुन नसके सहकारी ऐन नियामावली अनुसार ऋणीको जायजेथा चलअचल सम्पत्ति बाट लिलाम गरि वा अन्य प्रक्रियाबाट असूल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबै ऋणीलाई जानकारी गराईन्छ। साथै यसबाट पर्न गएको सामाजिक आँचमा संस्था जवाफदेही नहुने समेत जानकारी गराउँदछौ।

क्र . स.	ऋणीको विवरण	जग्गा रहेको ठेगाना	लिलामहुने सम्पत्तिको विवरण	रोक्काविवरण
१.	ऋणीको नाम : माधवराम गडरिया बाबु/ पतिकोनाम : रोवन गडरिया बाजे /ससुराको नामः पराग गडरिया जग्गा धनि : कृष्ण कुमारी गडरिया	जानकी ६ गनापुर बाँके	जानकी गा.बि.स./न.पा.गनापुर वडा नं.७ बाँके कि.नं. २३८ र १९४ क्षेत्रफल ६७७.२६ र ११०० ब.मि. नक्सा सिट न.०३५११७३ र ०३५११७३	दृष्टि बन्धक
२	ऋणीको नाम : गिता कु बुढाथोकी बाबु/ पतिकोनाम : रामलाल बुढाथोकी बाजे /ससुराको नामःदिल बहादुर बुढाथोकी जग्गा धनि : नईनसरा बुढा	गा.वि.स./	गा.बि.स./न.पा.मनिकापुर वडा नं.४ बाँके कि.नं. ७७३ र ७७५ क्षेत्रफल ३००.३५ र ३८.२८ ब.मि. नक्सा सिट न.०३५१२१४/०३५१२१४	दृष्टि बन्धक
३	ऋणीको नाम : दुर्गा वि.सी. बाबु/ पतिकोनाम : रमेश वि.सी./लोक बहादुर बुढा बाजे /ससुराको नामः कर्ण बहादुर वि.सी. जग्गा धनि : दुर्गा वि.सी.	गा.वि.स./न.पा.नेपालगंज नगरपालिका वडा नं. २० बाँके	जानकी गा.बि.स./न.पा.नेपालगंज नगरपालिका वडा नं.२० बाँके कि.नं. ७७९ क्षेत्रफल १६९३.१५ ब.मि. नक्सा सिट न.०३५१२१४	दृष्टि बन्धक

अष्टम सानाकिसान कृषि सहकारी संस्थालि .को कार्यालय राप्ती सोनारी गाँउपालिका वडा न ०८, शम्शेरगंज, बाँके
फोन ९८४८०२८१४१, ९८४८१७५९५१
जय सहकारी

कर्णाली र सुदूरपश्चिमको मौलिकता बोकेको 'ओ मेरी छोराटी' म्युजिक भिडियो सार्वजनिक



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २० कात्तिक

कर्णाली तथा सुदूरपश्चिमको मौलिक भाषा, संस्कृति र संगीतलाई समेटिएको गायक तथा मोडेल सुनिल सिंह ठकुरीको नयाँ गीत 'ओ मेरी छोराटी' को म्युजिक भिडियो सार्वजनिक भएको छ। पश्चिम नेपालको सांस्कृतिक पहिचानलाई गीत-संगीतमार्फत उजागर गर्ने उद्देश्यसहित तयार पारिएको उक्त म्युजिक भिडियो शुक्रबार नेपालगन्जमा आयोजित विशेष समारोहबीच सार्वजनिक गरिएको हो।

वरिष्ठ संगीतकार ओम शर्मा र गायक सुनिल सिंह ठकुरीले संयुक्त रूपमा गायक ठकुरीकै युट्युब च्यानलमार्फत म्युजिक भिडियो सार्वजनिक गर्नु भएको हो। बास नेपालको आयोजनामा सम्पन्न कार्यक्रममा गीत तथा भिडियो निर्माणमा संलग्न कलाकार, प्राविधिक र संगीतप्रेमीहरूको उपस्थिति रहेको थियो।

कर्णाली क्षेत्रको भाषा, भाका र सांस्कृतिक परिवेशलाई जीवन्त रूपमा प्रस्तुत गरिएको गीतको छायांकन कर्णाली नदीको पुलसहित चिसापानी आसपासका विभिन्न रमणीय स्थानमा गरिएको छ। पश्चिम नेपालको प्राकृतिक सौन्दर्य र स्थानीय मौलिकतालाई दृश्यमा उतार्ने प्रयास गरिएको गायक ठकुरीले बताउनु भयो।

सुनिल सिंह ठकुरी र सदिक्षा कँटेलको स्वर रहेको 'ओ मेरी छोराटी' मा नवीन रावलको शब्द तथा संगीत रहेको छ। सुरज पाण्डेको निर्देशनमा तयार भएको भिडियोमा भूगोल कुमार कार्की, करिष्मा शाही ठकुरी, सुनिल सिंह ठकुरी, दिनेश कठायत काजी र दिनेश रेग्मीले अभिनय गर्नु भएको छ। भिडियोको छायांकन विशाल परियारले गरेका हुन् भने शृंगारको जिम्मेवारी रवि केसीले सम्हालेका छन्। तुलसी देवी फिल्म प्रालिले निर्माण गरेको भिडियोको मिडिया प्रमोसन पार्टनर कालपृष्ठ दैनिक रहेको छ।

कार्यक्रममा बास नेपालका कार्यकारी निर्देशक नमस्कार शाहले स्वागत मन्तव्य राख्नु भएको थियो। सो अवसरमा गायक ठकुरीले आफ्ना गीत प्रस्तुत गर्दै उपस्थित दर्शकलाई सांगीतिक मनोरञ्जनसमेत प्रदान गर्नु भएको थियो। बास नेपालका अध्यक्ष शिवकुमार वर्माले गायक ठकुरीसहित सम्पूर्ण निर्माण टोलीलाई सफलताको शुभकामना व्यक्त गर्नु भयो।

बाँकी ३ पृष्ठमा

नेपालमा हुने विश्वकप छनोट प्लेअफको खेल तालिका सार्वजनिक

कालपृष्ठ समाचारदाता

काठमाडौं, २० कात्तिक

आइसिसी पुरुष क्रिकेट विश्वकप २०२७ को ग्लोबल छनोटमा पुग्ने लक्ष्यसहित नेपालले घरेलु मैदानमा महत्वपूर्ण प्रतियोगिता खेल्दैछ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) ले सन् २०२७ को विश्वकप छनोट प्लेअफ प्रतियोगिताको आयोजक तोक्दै शुक्रबार खेलतालिका सार्वजनिक गरेको छ।

आइसिसीका अनुसार प्रतियोगिता आगामी डिसेम्बर ४ देखि २१ सम्म नेपालमा सञ्चालन हुनेछ। प्रतियोगितामा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्। नेपाल, इटाली, नामिबिया, युगान्डा, क्यानडा, कुवेत, जर्सी र संयुक्त अरब इमिरेट्स (यूएई) ले राउन्ड रोबिन लिगमा प्रतिस्पर्धा गर्नेछन्।

नेपालले प्रतियोगिताको उद्घाटन खेलमै इटालीसँग प्रतिस्पर्धा गर्नेछ। डिसेम्बर ४ मा त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा नेपाल र इटालीबीच खेल हुनेछ। सोही दिन माथिल्लो मुलपानी क्रिकेट मैदानमा नामिबिया र युगान्डाबीच अर्को खेल सञ्चालन हुनेछ।

प्रतियोगिताका खेलहरू काठमाडौंका दुई मैदानमा सञ्चालन हुनेछन्। त्रिवि क्रिकेट मैदान कीर्तिपुर र माथिल्लो मुलपानी क्रिकेट मैदानलाई खेलस्थलका रूपमा छनोट गरिएको छ। आइसिसीले सार्वजनिक गरेको खेलतालिकाअनुसार एकै दिन दुई खेल हुनेछन्। दुवै खेल फरक मैदानमा सञ्चालन हुनेछन्।

नेपालले प्रतियोगितामा कुल सात खेल खेल्नेछ। नेपालले डिसेम्बर ४ मा इटालीसँग खेलेपछि डिसेम्बर ६ मा युगान्डासँग प्रतिस्पर्धा गर्नेछ। त्यसपछि डिसेम्बर १० मा यूएई, डिसेम्बर १२ मा जर्सी, डिसेम्बर १४ मा क्यानडा, डिसेम्बर १८ मा नामिबिया र अन्तिम खेल डिसेम्बर २१ मा कुवेतसँग खेल्नेछ।

बाँकी ३ पृष्ठमा

शुभ दिपावली तथा छठ पर्व २०८३
को अवसरमा हाम्रा बचतकर्ता,
सेयर सदस्य, कर्मचारी,
शुभचिन्तक एवम् देश तथा
विदेशमा रहनु भएका सम्पूर्ण
नेपालीमा हार्दिक मंगलमय
शुभकामना
व्यक्त गर्दछौं ।
गिता कोइराला
अध्यक्ष
महिला मिलिजुली बाँके एवम् परिवार
नेपालगन्ज–४, (बाँके)

धारा नेपालगन्ज म्याराथनमा रोटरी क्लबको सहकार्य

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, २० कात्तिक

रोटरी क्लब अफ सेन्ट्रल बाँकेले धारा नेपालगन्ज म्याराथनसँग कम्युनिटी पार्टनरका रूपमा सहकार्य गर्ने भएको छ।

विश्वव्यापी सामाजिक सेवा, मानवीय सहयोग र सामुदायिक विकासमा समर्पित अन्तर्राष्ट्रिय संस्था रोटरी क्लब अन्तर्गत रोटरी क्लब अफ सेन्ट्रल बाँकेले सहकार्य गर्ने भएको हो। यसमा बिशेषगरी ह्वीलचेयर ३ किमी दौडमा रोटरीको सहयोग रहनेछ।



विश्व म्याराथनको एकमात्र प्रतिष्ठित पुरस्कार एम्स सोसल अवार्ड २०२६बाट सम्मानित नेपालगन्ज म्याराथनका संस्थापक अध्यक्ष टीएस ठकुरी र रोटरी क्लब अफ सेन्ट्रल बाँकेका अध्यक्ष इश्वरीजंग मल्लबीच सम्झौतामा हस्ताक्षर भएको हो। यो सम्झौता पाँच वर्षका लागि गरिएको बताइएको छ। ह्वीलचेयर ३ किमी रेसमा विशेष सहयोग गर्नुका साथै आफ्ना सम्पुर्ण सदस्यहरूलाई कुनै न कुनै विधामा औपचारिक ढंगले दौडाउने रोटरीको तयारी रहेको छ। 'रोटरीसँग जोडिएका सबैलाई कुनै न कुनै रूपमा जोड्छौं।'

बाँकी ३ पृष्ठमा

शुभ दिपावली तथा छठ पर्व २०८३ को अवसरमा हाम्रा पाहुनावर्ग,शुभचिन्तक एवम् देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।
होटल द ग्यालेक्सी दरबार
नेपालगन्ज, बाँके

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं
❖ सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं ,
❖ राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,
❖ कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
❖ जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
❖ शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग, जस्ता कार्यहरु कानूनतः दण्डनीय हुन्छन् ।
नेपाल सरकार
विज्ञापन बोर्ड

कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।